## समूह- २ (रिट)

# त्रिभुवन विश्वविद्यालय कानून संकाय नेपाल ल क्याम्पस स्नातक तह (२०७५/०७६ समूह) दोस्रो अन्तर्गत Moot Court, Pre-Trial Preparation and Participation in Trial विषयका लागि मस्यौदा तर्फ प्रस्तावित रिट मुद्दाको विवरणः

**निवेदक :** कञ्चनपुर जिल्ला, सुडा गाउँपालिका, वडा नं. ६ बस्ने अधिवक्ता पिराज पाण्डेय

**विरूद्ध**

**विपक्षी :** नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत

**विषयः- उत्प्रेषण / परमादेश**

नेपालको संविधान, २०७२ को धारा ४६ तथा १३३(२)(३) बमोजिम सर्वोच्च अदालतमा दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य यसप्रकार छः

१. म निवेदक कानून व्यवसायी हुँ । संविधानको परिपालना, कानूनी शासन, पारदर्शिता, जवाफदेहीता सम्बन्धमा नेपालीहरूको सरोकारको विषयमा निवेदन गर्नु, आवाज उठाउनु, बहस पैरवी गर्नु मेरो कर्तव्य हो । मिति २०७२/४/३० गतेको नागरिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको फाइल लुकाएर कानून नबन्दै सरोगेसी सेवा, नेपाली कोखको मनलागी दलालीसम्बन्धी समाचार र मिति २०७२/५/६ गतेको कान्तिपुर राष्ट्रिय दैनिक पत्रिकामा सोही सम्बन्धमा समाचार प्रकाशित भएको हुँदा नेपालमा कानून नै नबनाई मानवीय संवेदना, सामाजिक न्यायसँग जोडिएको छ । यस प्रकारको अवैध (कोख भाडामा लिएर बच्चा जन्माउने) सेवा सञ्चालन भइरहेको अवस्थामा यस्तो अवैध सेवाका कारण नागरिकको मानव अधिकार उल्लङ्घन भई नेपाली समाजको धार्मिक एवं सामाजिक मान्यतामा नै नकारात्मक असर पर्न गइरहेकोले (कोख भाडामा लिएर बच्चा जन्माउने) सेवा निषेध गर्नु आवश्यक छ । नेपालको वर्तमान संवैधानिक एवं कानूनी व्यवस्थाविपरीत महिलाहरूलाई लोभ देखाएर पैसा दिएर कोखमा गर्भधारण गर्न बाध्य पारी जन्मनासाथ आमाबाट बच्चा अलग्याएर विदेश लैजाने कार्यबाट बच्चा जन्माउने महिला र बच्चाको मानव अधिकार हनन् भइरहेको छ । हालसम्म नेपालमा कोख भाडामा दिन सकिने, लिन सकिने, भाडाको कोखमा वीर्यधारण गरी बच्चा जन्माउने र यसरी जन्मेका नानीहरू विदेश पठाउन पाउने कुनै पनि कानूनी व्यवस्था छैन । कानूनी व्यवस्था नै नभएको विषयवस्तुमा नेपाल सरकार मन्त्रिपरिषद्को नीतिगत निर्णय भन्दै सोही निर्णयको आधारमा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले निजी अस्पतालहरू श्री ग्रान्डी सिटी क्लिनिक एन्ड डाइगोस्टिक सेन्टर, कान्तिपथ, काठमाडौं, श्री ओम हस्पिटल, चावहिल काठमाडौं, भेनस हस्पिटल, काठमाडौंलाई सरोगेसी सेवा सञ्चालन गर्न अनुमति दिइएको रहेछ । यस सम्बन्धमा प्रत्यार्थीहरूसँग सरोगेसी सेवालाई कानूनी मान्यता दिनेसम्बन्धी निर्णयहरू माग गर्दा सोसम्बन्धमा सूचना पाउन असमर्थ भएको छु । अवैधरूपमा दिएको अनुमतिको आधारमा उल्लिखित अस्पतालहरूले सरोगेसी सेवा (कोख भाडामा लिएर बच्चा जन्माउने) सञ्चालनमा ल्याई अवैध

किसिमको सेवा सुविधा उपलब्ध गराउँदै आएका छन् । समाचार स्रोतका अनुसार विदेशी दलालले ग्राहकसँग कोख खोजी दिएबापत १ करोड लिन्छन्, नेपालका अस्पतालहरूलाई ४० लाख दिन्छन् र कोख दिने आमाले ३/४ लाख मात्र पाउँछन् । मुख्यतया यसरी नेपालका अस्पतालहरूमा जन्माइएका शिशुहरू इजरायल र अस्ट्रेलिया पठाउने कार्य हुँदै आएको छ ।सरोगेट आमाहरूले बच्चा जन्माई सो बच्चामा निजको अधिकार नै नरहने गरी बच्चालाई जन्मदिई विदेशी नागरिकहरूलाई जिम्मा लगाउने कार्य नारी संवेदनामाथिको चोटिलो प्रहार हो । सुत्केरी गराउँदाका अवस्थामा महिलाको मृत्यु हुन सक्ने, बालकको मृत्यु हुन सक्ने जोखिमपूर्ण कार्यको लागि कानूनी व्यवस्था नै नगरी सेवा सञ्चालन गर्न दिनु मानवता विरूद्धको कार्य हो । कुनै पनि महिलालाई उसको गरिबी, अज्ञानता, कामको अभाव, कमजोर सामाजिकस्तरको नाजायज फाइदा उठाई, पैसाको प्रलोभनमा कोख बेच्न बाध्य पार्नु र त्यस्ता सेवाको समन्वय तथा संयोजन नेपाल सरकारले गर्नु गैरजिम्मेवारीको पराकाष्ठा क्रियाकलाप हो । नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७१/६/२ को नीतिगत निर्णयको हवला दिई सञ्चालन भइरहेको सरोगेसी सेवा नेपालको संविधान २०७२ को धारा १७(१), (२), १८(१), २७, ३८, ३९, २९ मा रहेका मौलिक हकको व्यवस्थाविपरीतको सेवा व्यवसाय भएको हुँदा बदरभागी छ । बाँझो कोख भएका दम्पतिको आवश्यकता परिपूर्ति गर्न मन्त्रिपरिषद्को नीतिगत निर्णयको आधारमा अवैध सेवा सञ्चालन गर्ने गराउने गरी नेपाल सरकार स्वास्थ्य मन्त्रालयबाट भएको निर्णयले नेपाललाई अवैधरूपमा बालबालिका बेचबिखन, खरिद बिक्री, उत्पादनको स्थल बनाउँदै छ । तसर्थ नेपालमा अवस्थित रहेका उल्लिखित अस्पतालहरूमा बालबालिका जन्माई विदेश पठाउने कार्य गैरसंवैधानिक, गैरकानूनी र मानव अधिकार विरूद्धको रहेको हुँदा अवैध सेवा सञ्चालनमा रोक लगाउन जरूरी छ । तसर्थ, नेपाल सरकार मन्त्रिपरिपद्बाट कानून बनाएर सरोगेसी सेवा चलाउन सैद्धान्तिक सहमति दिने निर्णय र त्यसलाई कार्यान्वयन गर्ने काम कारवाही उत्प्रेषणको आदेशद्वारा बदर गरी अनधिकृतरूपमा सरोगेसी सेवा सञ्चालन नगर्नु नगराउनु भनी उपयुक्त आदेश जारी गरिपाऊँ । साथै नेपालमा सरोगेसी सेवा आवश्यक भए नभएको अध्ययन गर्न संयन्त्र निर्माण गर्नु भनी आदेश जारी गरी नेपालमा अवैधरूपमा सञ्चालनमा रहेको सरोगेसी सेवा निषेध गर्न प्रभावकारी कानूनी व्यवस्था गर्न परमादेश जारी गरिपाऊँ ।साथै अन्तरिम आदेश जारी नगरेको खण्डमा प्रस्तुत रिट निवेदन पत्र निष्प्रयोजित हुने हुँदा निवेदनको अन्तिम टुङ्गो नलागेसम्म अवैधरूपमा गैरकानूनी किसिमले सरोगेसी सेवा सञ्चालन नगर्नु नगराउनु भनी प्रत्यार्थीहरूको नाउँमा अन्तरिम आदेश जारी गरी अग्राधिकार दिई पेस गर्नु भन्ने आदेशसमेत जारी गरिपाउँ भन्ने **रिट निवेदन पत्र ।**

२. यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? आदेश जारी गर्न नपर्ने कानूनबमोजिमको कारण भए यो आदेश प्राप्त भएको मितिले बाटाको म्यादबाहेक १५ दिनभित्र सम्बन्धित प्रमाण कागज साथै राखी विपक्षी नं. १, २, ३, ४ र ८ का हकमा महान्यायाधिवक्ताको कार्यालयमार्फत र अन्य विपक्षीहरूका हकमा आफैं वा कानूनबमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेस गर्नु भनी यो आदेश र रिट निवेदनको नक्कल साथै राखी विपक्षीहरूका नाममा सूचना म्याद जारी गरी लिखित जवाफ प्राप्त भएपछि वा अवधि नाघेपछि नियमबमोजिम पेस गर्नू । साथै अन्तरिम आदेशको मागको सम्बन्धमा विचार गर्दा, प्रजनन स्वास्थ्य मौलिक हकको विषय भएको र जीवनलाई व्यापारको

रूपमा नेपाल कानूनले मानेको अवस्था नभएकोले सरोगेसी (कोख भाडामा लिएर बच्चा जन्माउने) कार्यलाई नेपालमा मान्यता दिने नदिने ? त्यस्तो प्रक्रियाबाट जन्मने बच्चाको उपर आमा वा बाबुको के कस्तो हक रहने ? कोख भाडामा लिएको महिलाको शरीर वा जीवनको शोषण नहुने व्यवस्था कसरी गर्ने, स्वयम् बच्चाको उपर आमाबाबुको कस्तो हक वा दायित्व रहने ? र निजहरूको समाजमा हक के कस्तो रहने ? महिलाको कोखको व्यापारिक प्रयोजन गर्न मिल्ने नमिल्ने ? भाडामा प्रयोग गरेको भए तिनका प्रयोगका प्रश्नहरू कसरी निरूपित रहने, सरोगेसीबाट जन्मेको त्यस्तो बच्चाको नागरिकता, जन्म मृत्यु घटनाको दर्ता वा प्रमाणिकता के कस्तो हुने ? देशान्तरण वा स्थानान्तरण के कस्तो अवस्थामा हुने ? सरोगेसी सेवा प्रदायक वा व्यवस्थापक व्यक्ति वा संस्थाको पञ्जिकरण र व्यवस्थापन तथा उत्तरदायित्वका प्रश्नहरू के हुने जस्तो विविध प्रश्नहरू यस्तो कार्यमा अन्तरनिहित हुने भई त्यसको नीतिगत कानूनी एवं संस्थागत संरचनाको सुनिश्चितताको आवश्यकतालाई उपेक्षा गरेर यस्तो गम्भीर मानवीय, कानूनी एवं सामाजिक परिणाम भएको विषयलाई तदर्थवादी हिसाबले प्रचलनमा आउन, ल्याउन वा चलाउन दिन वाञ्छनीय नहुने हुनाले प्रस्तुत निवेदनमा अन्तिम आदेश नभएसम्म स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७१/७/२८ को पत्रद्वारा गरिएको व्यवस्था अघि नबढाउनु, तत्काल स्थगित गर्नु कार्यान्वयन नगर्नु, नगराउनू । अन्य कुनै अस्पताल, नर्सिङ होम वा स्वास्थ्य सेवा प्रदान गर्ने निकायलाई कुनै तरिकाले प्रत्यक्ष वा परोक्षरूपमा अनुमति नदिनु नदिलाउनू । साथै यो आदेशको कार्यान्वयनको अनुगमन गरी त्यसको प्रतिवेदन प्रत्येक महिना स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले यस अदालतमा पेस गर्नु भन्नेसमेत सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम अन्तरिम आदेश जारी गरी दिएको छ । सोको सूचना विपक्षीहरूलाई दिनू ।साथै यस्तै विषयवस्तु समावेश रहेको अधिवक्ता प्रविन पन्दाक विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय भएको ०७६-०४-०१२० को रिट निवेदनसमेत साथै राखी नियम बमोजिम पेस गर्नु भन्ने सर्वोच्च अदालतको आदेश ।

३. नेपालमा अवैधरूपमा सरोगेसी सेवा सञ्चालन गर्न अनुमति दिएको भन्ने सम्बन्धमा नेपालमा हालसम्म आमाको कोख भाडामा लिई बच्चा जन्माउन पाउने नपाउनेबारे स्पष्ट नीतिगत तथा कानूनी व्यवस्था नरहेको । राष्ट्रिय स्वास्थ्य नीति, २०७१ को बुँदा नं. १२.१४ मा बाझोपनलाई सरोगेसीसम्बन्धी कानून बनाई व्यवस्थित गरिने भन्ने व्यवस्था छ । नीतिमा रहेको सो व्यवस्थालाई व्यवस्थित, मर्यादित र सुरक्षितरूपमा सञ्चालन गर्न मापदण्ड तथा कार्यविधि बनाउने र विभिन्न सर्तहरू समेत पूरा गर्ने गरी अघि बढ्ने वातावरण तयार गर्ने असल मनसायबाट नेपाल सरकार मन्त्रिपरिपद्बाट मिति २०७१/६/२ मा नीतिगत निर्णय भएको हो । उक्त नीतिगत व्यवस्थाको सम्बन्धित अस्पतालले जानकारी माग गरेकोले निर्णयको जानकारीसम्म गराइएको विषयलाई केही अस्पतालहरूबाट आफूअनुकूल व्याख्या गरी निर्णयको दुरूपयोग गरी गैरकानूनीरूपमा सेवा सञ्चालन गरेको पाइयो । हालसम्म कुनैपनि अस्पताल, क्लिनिक वा स्वास्थ्य संस्थाले सरोगेसी सेवा सञ्चालन गर्न अनुमति माग गरेको अवस्था नै छैन । ग्राण्डी सिटी क्लिनिकले मापदण्डको जानकारी पाउन माग गरेको र सो जानकारीसम्म गराएको विषय सञ्चालन अनुमति हुन सक्तैन । साथै सरोगेसी सेवा अत्यन्त संवेदिनशील सेवा भएकोले यस मन्त्रालयको कुन तहबाट निर्णय गरी अनुमति दिने भन्ने स्पष्ट भई नसकेको अवस्थामा मन्त्रिपरिषद्को निर्णय जानकारी

गराइएको विषयको हवाला दिई उक्त सेवा सञ्चालन गर्नु गैरकानूनी कार्य हो । सरोगेसी सेवा सञ्चालनका सम्बन्धमा नेपाल सरकारका मुख्य सचिवबाट शुभकामनासम्म दिएको विषयलाई कानूनप्रतिकूल हुने गरी बद्नियतसाथ अपव्याख्या गरी दुरूपयोग गरेकोले खण्डन गर्दै "एक प्रतिष्ठित व्यवसायीको अनुरोधमा दिइएको शुभकामना पत्रलाई विज्ञापनको माध्यम बनाइएको भन्ने पाइएकोले त्यस्तो गरेको पाइएमा त्यो शुभकामना जफत गरी आइन्दा प्रयोग गर्न रोक्ने काम गर्नु हुन" भन्ने व्यहोराको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिवको नाममा सम्बोधन गरी नेपाल सरकारको मुख्य सचिवबाट पत्र प्राप्त हुनुका साथै आम सञ्चारको माध्यमलगायतबाट समेत मन्त्रिपरिषद्को उक्त निर्णयको दुरूपयोग भएको जानकारी प्राप्त भएपछि यस मन्त्रालयले नेपाल प्रहरीसमेतको सहयोगमा छानबिन गरिरहेको र सोही क्रममा सम्मानित सर्वोच्च अदालतबाट यस मन्त्रालयको मिति २०७१/८/२८ को पत्रद्वारा गरिएको व्यवस्था अघि नबढाउनु, तत्काल स्थगित गर्नु, कार्यान्वयन नगर्नु नगराउनु भन्ने अन्तरिम आदेश भएअनुरूप यस मन्त्रालयबाट सरोगेसी सेवा तत्काल रोक्नु, उक्त गैरकानूनी सेवा सञ्चालन नगर्नु नगराउनु र कुनैपनि चिकित्सक स्वास्थ्यकर्मी तथा अन्य व्यक्तिहरू उक्त कार्यमा संलग्न नहुन र संलग्न भएको पाइएमा प्रचलित कानूनबमोजिम कारवाही हुने व्यहोराको सार्वजनिक सूचना जारी गरी उक्त सेवा सञ्चालन गरिएका भनिएका ग्राण्डी सिटी, ओम अस्पताल र भेनस अस्पतालका नाउँमा उक्त सेवा सञ्चालन नगर्न र गरेको भए तत्काल रोक्न मिति २०७२/५/१६ (मन्त्रिस्तर) को निर्णयानुसार निर्देशनसमेत दिई सकिएको छ । नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७१/६/२ को निर्णय बद्नियतसाथ अपव्याख्या गरी मेडिकल टुरिज्मको नाममा तल्लो स्तरमा गई व्यापार गरेकोले यसलाई सदाका लागि बन्द गर्न मन्त्रिपरिषद्को मिति २०७१/६/२ को निर्णय नेपाल सरकार मन्त्रिपरिषद्को मितिय २०७६/६/१ को निर्णयबाट खारेज गरिसकेको व्यहोरा सादर अनुरोध गर्दछु भन्ने **नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तर्फबाट सचिव शान्तबहादुर श्रेष्ठ, ऐ. का मन्त्री खगराज अधिकारी र ऐ. चिकित्सा सेवा महाशाखाको एउटै व्यहोराको छुट्टाछुट्टै लिखित जवाफ ।**

४. यस मन्त्रालयबाट सम्पादन हुने महत्त्वपूर्ण कार्यहरू बारेको सूचना यस मन्त्रालयको www.mohp.gov.np वेभसाइटमा राखिने गरेको र रिट निवेदकले निवेदनको प्रकरण २(क) मा उठाएको सरोगेसी सेवा सञ्चालनसम्बन्धी निर्णय यस मन्त्रालयको मिति २०७२/३/२२ को निर्णयबाट वेभसाइटमार्फत सार्वजनिक भइसकेको विषयमा सूचना पाउन असमर्थ भए भन्नु सरासर गलत र झुट्टा छ । रिट निवेदकलाई सरोगेसीसम्बन्धी मन्त्रिपरिपद्बाट भएको निर्णयका बारेमा सूचना अधिकारीको हैसियतबाट जानकारी गराइएको, जहाँसम्म लिखितरूपमा यस मन्त्रालयमा मिति २०७२/५/३ गते द.नं. १८५२ बाट सूचना माग गरेको सम्बन्धमा यस मन्त्रालयको च.नं. ६ मिति २०७२/५/९ को पत्र मार्फत सूचना तयार गरी उपलब्ध गराउन खोज्दा रिट निवेदकले पेस गरेको निवेदनमा पत्राचार गर्ने स्पष्ट ठेगाना उल्लेख नभएबाट सूचना उपलब्ध गराउन नसकिएको र विपक्षीले सम्पर्क राख्दा सूचना उपलब्ध गराउने गरी मन्त्रिपरिषद्को मिति २०७१/६/२ को निर्णय र पत्र तयार गरी राखिएको र सोको बोधार्थ राष्ट्रिय सूचना आयोगसमेतलाई दिइएको अवस्थामा सूचना अधिकारीबाट सूचना पाउन नसकेको भन्नेलगायतका कथनमा सत्यता नभएको र हालै नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७६/६/१ को निर्णयबाट

सरोगेसीसम्बन्धी अघिल्लो मिति २०७१/६/२ को निर्णय खारेज गरिसकेको विद्यमान अवस्थामा रिट निवेदनको औचित्य नभएकोले प्रस्तुत रिट निवेदन खारेज गरी फुर्सद पाउँ भन्ने **स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सूचना अधिकारी ऋषिराम पङ्गेनीको लिखित जवाफ ।**

५. यस ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि. कम्पनी ऐनबमोजिम २०५२ सालमा स्थापना भएको एक निजी अस्पताल हो । यस अस्पतालमा विभिन्न विधाका स्वास्थ्य सेवाहरू लगायत प्रजनन स्वास्थ्यसम्बन्धी आधुनिक चिकित्सा प्रणालीबमोजिमका विशेषज्ञ सेवाहरू उपलब्ध छन् । यस अस्पतालमा निःसन्तान दम्पतिहरूलाई IVF (In Vitro Fertilization) प्रणालीबाट सन्तानको सुख प्राप्तिका सेवा सञ्चालन गरी ५०० भन्दा बढी IVF baby हरूको जन्म भई निःसन्तान दम्पतिहरूले सन्तानको सुख प्राप्त गरिरहेका छन् । कानून नबनेको अवस्थामा बिना कानून कसैले सरोगेसीसम्बन्धी कार्य गर्न नसक्ने अवस्थामा यस ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि.ले पनि त्यस्तो कार्य गर्न नसक्ने र गर्न नमिल्ने हुँदा यस हस्पिटलबाट हालसम्म यस्तो सरोगेसीसम्बन्धी कुनै कार्य नगरेको नभएको र गर्नसमेत नसक्ने हुँदा यस हस्पिटलको हकमा रिट निवेदन खारेजभागी छ । ओम हस्पिटलले सरोगेसीसम्बन्धी कुनै अनुमति लिएको प्रमाण निवेदक विपक्षीले पेस गर्न सकेको अवस्था छैन र जहाँसम्म नेपाल सरकारले अनुमति दिएको भन्ने सम्बन्धमा सरोगेसीसम्बन्धी कुनै अनुमति दिने निर्णय भएको जानकारी हामीलाई छैन र हामीले सरोगेसीसम्बन्धी कुनै अनुमतिसमेत नलिएका र कानूनविनाको कुनै कार्य यस हस्पिटलबाट नगरेको हुँदा विपक्षी निवेदकले मनगढन्ते कुराहरू रिट निवेदनमा उल्लेख गरी यस ॐ हस्पिटलसमेतको विरूद्धमा दिइएको निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको **ॐ हस्पिटल रिसर्च सेन्टर प्रा.लि. को लिखित जवाफ ।**

६. सरोगेसीसम्बन्धी कानून नेपालमा नभएको कुरा ठीक हो । यस भेनस अस्पतालमा IVP Lab को व्यवस्था गरिएको थियो । सो lAB मार्फत (IVF) को सुविधाहरू प्रदान गर्दै आएका थियौं । त्यसै समयमा नेपालमा पनि सरोगेसी सञ्चालन गर्न दिने भनी नेपाल सरकारको अभिव्यक्तिहरू आएको थियो । त्यसै समयमा भारतबाट डा. शिवानी आई सरोगेसी गर्ने मनसाय व्यक्त गर्नु भएको थियो । सोको लागि निजले नेपाल मेडिकल काउन्सिलबाट अनुमति लिने प्रयास गर्नु भएको र हामीले पनि मिल्छ भने अनुमति दिलाउने कार्यमा सहयोग गरेका थियौं । सोही समयमा नेपाल सरकारद्वारा सरोगेसीसम्बन्धी कानून ल्याई सरोगेसी गर्न पाउने जस्तो आशय व्यक्त भएको हुँदा सोको आधारमा डा. शिवानीले आफ्नो Website मार्फत त्यसको प्रचार प्रसार पनि गर्नु भएको रहेछ । पछिबाट नेपाल मेडिकल काउन्सिलले डा. शिवानीलाई practice गर्न अनुमति नदिएको र कानून पनि नआएको हुँदा सरोगेसी गर्न बन्देज गरेका थियौं । यसर्थ हाम्रो भेनस अस्पतालले सरोगेसी नगर्ने र नगरेको हुँदा पनि हाम्रो हकमा रिट निवेदन खारेजभागी हुँदा खारेज गरिपाऊँ । सरोगेसी वास्तवमा रिट निवेदकले भने जस्तो गर्नै नहुने भन्ने होइन । धेरै नेपालीहरूले अहिले पनि विदेश भारत गई सरोगेसीद्वारा सन्तान प्राप्त गरी रहेका छन् । भारत जाँदा लाखौं रूपैयाँ खर्च हुने गर्छ । जसबाट हाम्रो देशको लाखौं रूपैयाँ बाहिर गइरहेको अवस्था छ । यसर्थ पनि कानून बनाएर व्यवस्थितरूपमा सरोगेसी सेवा दिन सकेमा यसले बच्चा हुन नसक्ने दम्पतिहरूलाई

बच्चाको सुख दिन्छ । यसर्थ निवेदकको रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको **भेनस हस्पिटल मध्य बानेश्वरको तर्फबाट बेदनाथ भण्डारीको लिखित जवाफ** ।

७. नेपाल सरकार, मन्त्रिपरिषद् संविधान कार्यालय तथा प्रचलित कानूनको परिपालना गरी गराई कानूनी राज्यको अवधारणालाई साकार पार्ने र नागरिकका संविधान तथा कानून प्रदत्त हक र अधिकारहरूको सम्मान, संरक्षण र सम्बर्द्धन गर्दै उपभोगको सुनिश्चिता प्रदान गर्न कटिबद्ध छ । स्वास्थ्य नीति, २०७१ को बुँदा नं. १२.१४ मा बाझोपनलाई सेरोगेसीसम्बन्धी कानून बनाई व्यवस्थित गरिनेछ भन्ने व्यवस्थाअनुसार नेपाल सरकार मन्त्रिपरिषद्ले मिति २०७१/६/२ मा नेपालका स्वास्थ्य संस्थाहरूबाट सरोगेसी प्रविधिको प्रयोगद्वारा सन्तान जन्माउने सेवा उपलब्ध गराउने सम्बन्धमा आमा बाबु र सरोगेट आमा सबै विदेशी नागरिक भएमा र उनीहरूले नेपालका स्वास्थ्य संस्थाहरूमा भर्ना भई बच्चा जन्माउन चाहेमा सो सेवा प्रदान गर्न सम्बन्धित स्वास्थ्य संस्थाको मापदण्डबमोजिम दस्तुर लिई संलग्न सर्तहरू अनिवार्यरूपले पालना गर्ने गरी सञ्चालन गर्न स्वीकृति दिने निर्णय गरेको थियो । नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७१/६/२ को निर्णयविपरीत सरोगेसी प्रविधिको प्रयोगद्वारा सन्तान जन्माउने सेवा सञ्चालन भएको सम्बन्धमा विभिन्न सञ्चार माध्यम तथा सरोकार समूहबाट जानकारी प्राप्त हुन आएको अवस्थामा आम सर्वसाधारणको जनस्वास्थ्य एवं जनहित र सम्मानित सर्वोच्च अदालतबाट मिति २०७२/५/८ मा जारी भएको अन्तरिम आदेशसमेतलाई दृष्टिगत गरी नेपाल सरकारले सो सम्बन्धमा मिति २०७१/६/२ मा गरेको निर्णयलाई मिति २०७६/६/१ मा बदर गरिसकेको हुँदा रिट निवेदनमा उठाइएको विषय अब निरर्थक भइसकेको छ । अतः प्रस्तुत रिट निवेदन खारेज गरी पाउन सम्मानित अदालतसमक्ष सादर अनुरोध गर्दछु भन्नेसमेत व्यहोराको **प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको लिखित जवाफ** ।

८. रिट निवेदकले सरोगेसी सेवालाई अवैध सेवा हो र नेपाली समाजमा धार्मिक, सामाजिक मान्यतामा नकारात्मक असर पर्न गएको छ भन्ने उल्लेख गर्नु भए तापनि नेपाल कानूनले यो सेवालाई अवैध मानेको छैन । यो सेवाले नेपाली समाजमा कुनै प्रतिकूल असर पुग्दैन । यो सेवा वर्तमानमा विशुद्ध विदेशी नागरिकहरूको लागि मात्र हो । निवेदक कम्पनीबाट सञ्चालित विदेशी नागरिकको लागि चालू सरोगेसी सेवाले मानव समाजको मूल्य मान्यतामा, मानव अधिकारमा कुनै आघात पुग्दैन । त्यसरी मानव अधिकारमा आघात पुगेमा पीडित पक्षले मानव अधिकार ऐन, २०५३ अन्तर्गत कानूनी उपचार प्राप्त गर्ने वैकल्पिक उपाय रहेको छ । महिलालाई बोलाएर कोखमा गर्भधारण गर्न बाध्य पारी बच्चा जन्माएर विदेश लैजाने कार्य भयो भन्ने रिट निवेदन जिकिर काल्पनिक हो । कुनै संस्थाले कहिले कहाँ कसरी त्यस्तो कार्य गर्‍यो रिट निवेदनमा उल्लेख छैन । सरोगेसी सेवा प्रदानको सिलसिलामा कसले करोड लियो, कसले कति लाख लियो भन्ने यी सबै काल्पनिक कुरा उल्लेख छन् । मन्त्रिपरिषद्को निर्णयलाई आधार बनाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मिलोमतो गरेको, कोख बेच्न बाध्य पारेको, अस्पतालले मानव बेचबिखन गरेको भन्नेलगायतका झुठ्ठा काल्पनिक एवं मनोगत व्यहोरा लेखी विपक्षीबाट रिट निवेदन दर्ता हुन आएको अवस्था टड्कारो देखिएको छ । रिट निवेदनको सम्पूर्ण व्यहोरा अध्ययन गर्दा कुनै पनि वस्तुनिष्ठ, ठोस एवं विश्वसनीय आधार प्रमाणमा निवेदन टेकिएको छैन । सार्वजनिक सरोकारको

विषयभित्र नै नपर्ने विषयलाई विवादको विषय बनाई दर्ता हुन आएको विपक्षीको रिट निवेदन प्रथमदृष्टिमा नै खारेज हुनुपर्नेमा सो नगरी निवेदकसमेतका प्रत्यर्थीलाई विवादको विषयको गम्भिरताको आधारमा छलफलको लागि सूचना प्रदान नगरी, आफ्नो कुरा राख्ने प्रतिवादको मौका प्रदान गर्नुपर्नेमा सो पनि नगरी एकतर्फी ढंगबाट सम्मानित एकल इजलासले अन्तरिम आदेश जारी गरी दिएबाट यस कम्पनीसमेतलाई घोर अन्याय पर्न गएको छ । सर्वोच्च अदालतको एकल इजलासको आदेश सम्बन्धमा सोही निवेदनउपर हुने आदेशबाट मागबमोजिम न्याय इन्साफ पाउने नै छौं । यथार्थ सत्य तथ्यमा आधारित नभएको विपक्षीको रिट निवेदन खारेज गरी झुट्टा दाबीबाट फुर्सद पाउँ भन्नेसमेत व्यहोराको **ग्राण्डीसिटी क्लिनिक एण्ड हस्पिटल प्रा.लि.को तर्फबाट ऐ. का अध्यक्ष डा.रूपज्योतिको लिखित जवाफ ।**

९. सर्वोच्च अदालतको एकल इजलासको एकतर्फी अन्तरिम आदेश रद्द गरी विदेशी नागरिकको लागि मात्र प्रदान भइरहेको सरोगेट सेवा सुविधा यथावत् सुचारू गर्दै जान पाउने गरी आदेशसमेत जारी गरिपाउँ भन्नेसमेत व्यहोराको **ग्राण्डी सिटी क्लिनिक एण्ड हस्पिटल प्रा.लि. को तर्फबाट ऐका अध्यक्ष डा. रूपज्योतिको निवेदन ।**

१०. यसमा मिति २०७१/६/२ को मन्त्रिपरिषद्को निर्णय मिति २०७६/६/१ को मन्त्रिपरिषद्को निर्णयबाट बदर गरी सकेको भन्ने स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको लिखित जवाफको प्रकरण २(ग) मा उल्लेख भएको र सोको पुष्टि सो साथ संलग्न निर्णयको बुँदा नं. ६२ बाट भइरहेको देखिए पनि उक्त बुँदासँग सम्बन्धित प्रस्तावसहितको आवश्यक विवरणहरू सहित पेस गर्न १५ दिनको समय दिई लगाउका अन्य रिट निवेदनसमेत साथै राखी नियमानुसार पेस गर्नु भन्ने **सर्वोच्च अदालतको आदेश ।**

११. **दुवै पक्षबाट पेश भएको लिखित बहसनोट ।**

१२. **सर्वोच्च अदालतबाट भएको आदेश ।**

## समूह– २ (देवानी)

### त्रिभुवन विश्वविद्यालय कानून संकाय नेपाल ल क्याम्पस स्नातक तह(२०७५/०७६ समूह) दोस्रो अन्तर्गत Moot Court, Pre-Trial Preparation and Participation in Trial विषयका लागि मस्यौदा तर्फ प्रस्तावित देवानी मुद्दाको विवरणः

पुनरावेदक/वादीः तनहुं जिल्ला काहुँ शिवपुर गाउँपालिका वडा नं. ९ वस्ने कविन्द्र कामी

**विरुद्ध**

प्रत्यर्थी/प्रतिवादीः तनहुं जिल्ला काहुँ शिवपुर गाउँपालिका वडा नं. ९ वस्ने सुलोचना कामी समेत

मुद्दाः– लिखत वदर गरी हक कायम गरी दर्ता दा.खा. गरिपाऊँ ।

**१.** सोमवहादुर कामी तथा सुलोचना कामीवाट जन्मेको एक मात्र छोरा म हुं । वावु सोम वहादुर कामीको नाउंमा श्रेस्ता कायम भएको जग्गा आमा सुलोचना कामीको नाममा नामसारी भएको हो । हामी दुई मात्र अंशियार हौं । म भारतमा सेवारत रहदै आएको छ । विपक्षी आमाले मेरो समेत अंश हक लाग्ने तनहुं काहुं शिवपुर गाउँपालिका वडा नं. ९(झ) कि.नं. ६५ को ०–५–१–१ पाखो जग्गा र सो जग्गामा वनेको घर समेत रु. **१४५०००**।–मा मेरो मंजुरीको लिखत नलिई मलाई साक्षी पनि नराखी मुलुकी देवानी संहिता, २०७४ को दफा ४१९ बमोजिम विपरीत अंश हक मेट्ने उद्देश्यले मिति २०७५।७।१८ मा हक छाडी दिएको कुरा म भारतवाट आई नक्कल सारी हेर्दा थाहा पाएकोले सो कि.नं. ६५ को जग्गाको पूर्वतर्फवाट आधा जग्गा र सो जग्गामा वनेको घरको पूर्व तर्फको आधा लिखत वदर गरी लिखत वदर भएको आधा जग्गा र घरमा हक कायम गरी मेरो नाममा दर्ता गरी दा.खा. गरिपाऊँ भन्ने व्यहोराको **कविन्द्र कामीको फिराद पत्र ।**

२. विपक्षी वादी मेरो एका घर सगोलका छोरा हुन । निज र म वाहेक अन्य अंशियारा छैनौं । वादी भारतमै रहने वस्ने र आफुले कमाएको कुनै रकम घरमा नपठाउने, मेरो हेरचाह पालन पोषणको लागि घर आउंदा पनि कुनै वास्ता नगर्ने भएकोले मैले जीवन धान्न घर व्यवहार चलाउन औषधि उपचार गर्दा ऋण लिई व्यवहार चलाउदै आएकोले साहुको ऋण तिर्न विर वहादुर कामीलाई मैले कि.नं. ६५ को क्षेत्रफल ०–५–१–१ को पाखो जग्गा र त्यसमा वनेको घर समेत रु. **१४५,०००**।–मा मिति २०७५।७।१८ मा राजिनामा पारित गरि दिएको हुं । मैले विक्री गर्दा विपक्षी वादीले अंश वापत पाउने भन्दा वढि जग्गा विक्री नगरेकी र आफुले अंशमा पाउने जति जग्गा निजको मंजुरी विना पनि विक्री व्यवहार गर्न पाउने नै हुंदा लिखत सदरै कायम राखि पाउं भन्ने समेत व्यहोराको प्रतिवादी सुलोचना कामीको **प्रतिउत्तर पत्र ।**

३. विपक्षी वादीले २०७५ साल वैशाख महिनामा जग्गा आमाले पास गरि दिनु हुन्छ । म नभए पनि केही फरक पर्दैन । अहिले रु. ५५०००।– दिनु होस अरु आमाले पास गरि दिएका वखत दिए हुन्छ भनी सल्लाह भै म वाट रु. ५५०००।– वैना लिनु भएको र वैना लिएपछि वादी भारततर्फ जानु भएको हुंदा वाकी पैसा वुझाई उक्त कि.नं. ६५ को घर जग्गा मैले राजिनामा गरि लिएको हुं । प्रतिवादी सुलोचना कामीको नाउंमा उक्त कि.नं. ६५ को जग्गा वाहेक अन्य निजको नाउंमा १७–८–३–३ वांकी भएकोले मुलुकी देवानी संहिता २०७४ को दफा ४२० वमोजिम आफखुस गर्न पाउने घर जग्गा विक्री गरेको हुंदा लिखत सदरै कायम राखिपाउं भन्ने व्यहोराको प्रतिवादी विर वहादुर कामीको प्रतिउत्तर पत्र ।
४. प्रतिवादी सुलोचना घरको मुख्य भन्ने कुरा फिरादवाट देखिएको र प्रतिवादी सुलोचना कामीको नाममा विवादित जग्गा वाहेक वढि जग्गा वांकी नै रहेको देखिंदा विवादित जग्गाको आफ्नो हक जति लिखत वदर गरि पाउं भन्ने वादी दावी पुग्न सक्दैन भन्ने शुरु तनहु जिल्ला अदालतको फैसला ।
५. सम्पत्तिको मूल्यांकन गर्दा क्षेत्रफल नहेरी मुल्यवान वस्तु हेरिनु पर्छ । तसर्थ आधि भन्दा वढि जग्गा वांकी छ भन्ने आधार समेत देखाएर वादी दावा नपुग्ने भनी मलाई हराइएको तनहुं जिल्ला अदालतको त्रुटिपूर्ण फैसला उल्टी गरी फिराद दावी वमोजिम गरी न्याय पाउं भन्ने समेत व्यहोराको वादीको उच्च अदालत पोखरामा परेको **पुनरावेदन पत्र** ।
६. वादी दावी नपुग्ने गरी शुरु तनहुं जिल्ला अदालतवाट भएको फैसला फरक पर्ने देखिंदा प्रत्यर्थीलाई झिकाउनु भन्ने उच्च अदालत पोखराको आदेश।
७. वादीले दावी गरेको मिति २०७५।७।१८ को पारित लिखत मध्ये आधि सम्मको सदरै कायम भई आधि मध्यवाट वादीको भाग जति आधि अर्थात समुच्चा लिखतको चार भागको एक भाग सम्मको लिखत वदर भई वादीको हक कायम भई निजको नाउंमा दर्ता कायम समेत हुने ठहर्छ भन्ने उच्च अदालत पोखराको **मिति २०७९।१।३ को फैसला** ।
८. आमाले विक्री गरेको घर जग्गामा आधि हक आमाको र आधि हक मेरो भएको हुंदा आधि आफ्नो हक सम्मको घर जग्गा आमाले आफुखुस गर्न पाउने र वांकी आधि नपाउनेमा उच्च अदालत पोखराले ४ भागको १ भाग मात्र लिखत वदर हुने ठहर गरेको फैसलामा कानूनी त्रुटि रहेको हुंदा उच्च अदालत पोखराको फैसला उल्टी गरी मेरो फिराद दावी वमोजिम विपक्षी सुलोचना कामी दिने र विपक्षी विर वहादुर कामी लिने गरी मालपोत कार्यालय तनहुंवाट मिति २०७५।७।१८ मा पारित भएको राजिनामा लिखत मध्येको आधि घर र आाधि जग्गाको लिखत वदर गरी सो वदर भए जतिको घर जग्गा मेरो नाममा दा.खा. गरी मेरो नाउंमा दर्ता श्रेस्ता कायम गराई जग्गाधनी दर्ता प्रमाण पूर्जा उपलव्ध गराई पाउं भन्ने व्यहोराको वादीले सर्वोच्च अदालतमा दायर गरेको **पुनरावेदन पत्र**मा उच्च अदालत पोखराले गरेको फैलासमा घरको मुख्य व्यक्ति सम्बन्धि प्राबधान मा फैसला बिचारणीय हुँदा मुलुकी देवानी कार्यविधि संहिता २०७४ को दफा २१३ (३) बमोजिम प्रत्यर्थी झिकाई नियमानुसार पेश गर्नु भनि आदेश ।

**समूह- २ (फौजदारी)**

## त्रिभुवन विश्वविद्यालय कानून संकाय नेपाल ल क्याम्पस स्नातक तह (२०७५/०७६ समूह) दोस्रो वर्ष अन्तर्गत Moot Court, Pre-Trial Preparation and Participation in Trial विषयका लागि मस्यौदा तर्फ प्रस्तावित फौजदारी मुद्दाको विवरणः

कपिलबस्तु जिल्ला बुद्धभुमी नगरपालिका वडा नं १ बसन्तपुर बस्ने राधेश्याम को चौधरी जाहेरीले नेपाल सरकार.......................................................................................................१ बादी

विरुद्ध

कपिलबस्तु जिल्ला बुद्धभुमी नगरपालिका वडा नं १ बसन्तपुर बस्ने बर्ष २८ को राकेश चौधरी ....१ प्रतिवादी

**मुद्दा : ज्यान सम्बन्धी कसुर**

१. मिति २०७७।०१।२१ को रातको समयमा कपिलबस्तु जिल्ला बुद्धभुमी नगरपालिका वडा नं १ बसन्तपुरमा प्रतिवादी राकेश चौधरी समेतका व्यक्तिहरूले "मृतक कमलेश चौधरीको टाउको पछाडिको भागमा २ इन्च लम्बाइमा धारिलो हतियारले प्रहार गरिएको जस्तो घाउ चोट दायाँ कानको लोती काटिएको, दायाँ कानको अगाडि पट्टि अर्थात् कन्चटहरू भालाले रोपिएको जस्तो गहिरो घाउ चोट रहेको, दायाँ कन्चटमाथि टाउको निधारको भागमा लाठी भाटाले हिर्काएको जस्तो घाउ चोटपटक भई गिदीसमेत निस्किएको, नाकबाट रगत निस्किएको, दायाँ आखाको आँखीभौं कालो निलो भएको, अन्य शरीरमा घाउ चोट नदेखिएको" भन्नेसमेत बेहोराको लास जाँच प्रकृति मुचुल्का ।

२. मिति २०७७।०१।२१ को रातको समयमा कपिलबस्तु जिल्ला बुद्धभुमी नगरपालिका वडा नं १ बसन्तपुर स्थित आफ्नो तरकारी बारी रेखदेख गर्न खरको झुपडी बनाई सुतेको अवस्थामा ऐ. वडा नं. १ बस्ने कमलेश चौधरीलाई प्रतिवादी राकेश चौधरीसमेतका व्यक्तिहरूले लाठीसमेतले टाउकोमा प्रहार गरी घटनास्थलमा मारेको हुँदा कानूनबमोजिम गरिपाउँ भन्ने राधेश्याम चौधरीको बेहोराको जाहेरी दरखास्त ।

बुद्धभुमी नगरपालिका वडा नं १ बसन्तपुर स्थित पूर्व खाली जग्गा, पश्चिम गौरी शंकर चौधरीको खाली जग्गा, उत्तर दक्षिण र ऐ. गाउँ जोड्ने ग्राब्रेल सडक खण्ड, सो सडकको पूर्वपश्चिम फर्काएको अवस्थामा कल्भट रहेको, सो कल्भटदेखि पूर्व अं.२०० मिटरको दुरीमा रहेको मृतक कमलेश चौधरीको तरकारी बारीमा झुपडी बनाई बसेका अवस्थामा राकेश चौधरी समेतले लाठीसमेतले टाउकोमा प्रहार गरी कर्तव्य गरी मारी उक्त वारदातमा प्रयोग गरिएका दाउरा काठहरू उक्त कल्भटमा लुकाएको भनिएको, प्रतिवादीहरू राकेश चौधरी तथा पवन चौधरीले देखाएअनुसारको उक्त कल्भटमा अर्थात् ह्युमपाइपमा प्रवेश गरी हेर्दा लुकाई राखेको दुवै काठमा रगत लागेको केही बोक्रा निक्लिएका अवस्थामा उल्लिखित काठ दाउराहरू बरामद गरी लिएको हो भन्ने बेहोराको खानतलासी / बरामदी मुचुल्का ।

३. वारदात मितिका राति म आफ्नै घरमा बनाएको जाँड रक्सी खाई चोकमा बसेको अवस्थामा राति अं. ८.०० बजेको समयमा राकेश चौधरी साँझ रक्सी खाई आइरहेको बेला मेरो र निजको गाउँकै चोकमा भेट भयो र निजले मलाई कमलेश चौधरीको घरमा जाउ भनेपछि दुवैजना कमलेशको घरमा गई निजलाई उठाई हामी दुवै निजकै आँगनमा बसी पारिवारिक कुरा गरी मलाई कुटपिट गर्न भनी भाला ल्याई गाउँको चोकमा आएको थियो ल यसले आफू जिमिदार हुँ भनी हामी सबै गाउँलेहरूलाई धाक धम्की दिने धम्क्याउने अश्लील गाली गलौज गर्ने र गत वर्ष  मागीको दिनमा पनि कुटपिट गरेको र हामी सबैलाई अपशब्द प्रयोग गर्ने गरेकोले हामी दुवैजनाले रक्सी खाएको अवस्थामा कालीप्रसाद चौधरीको घर आँगनमा बसी निजलाई कर्तव्य गरी मार्ने योजना बनाई कालीप्रसादकै आँगनमा रहेको रोहिणीको दाउरा म र राकेशले १/१ वटा हातमा समाती दुवैजना कमलेश चौधरी सुतिरहेको तरकारी बारीको झुप्रोमा गयौं र दुवै जनाले पालै पालो गरेर निज कमलेश चौधरी को टाउकोमा हानेका हौं । मेरो हातको औंलामा बाँधेको गज ब्याण्डेज उक्त स्थानमा खसेको हो भन्ने बेहोराको प्रतिवादी पवन चौधरीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

४. वारदात मिति र समयमा रातको समयमा मैले बजारबाट रक्सी सेवन गरी घरतर्फ जाँदै गर्दाको अवस्थामा गाउँ नजिक चोकमा पवन चौधरीसँग भेट भएपछि  घुम्न जाउँ भनी  निज कमलेश चौधरीको घर बाहिर बसी निजलाई मार्ने योजना बनाई निज मृतक कमलेश चौधरीको  घर आँगनमा राखेको रोहिणीको काठ दाउरा पवन चौधरी र मैले एक एकवटा बोकी निज कमलेश चौधरी सुतेको स्थानमा गई सुरूमा मैले २।३ चोट निज कमलेशको टाउकोमा प्रहार गरेपछि उक्त लाठी पवन चौधरीलाई दिएपछि पवन चौधरीसमेत हामी दुवैजनाले पालैपालो हानेपछि निज कमलेश चौधरीको को मृत्यु भएको हो भन्ने बेहोराको प्रतिवादी राकेश चौधरीको  अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

५. यसमा वारदात मिति र समयमा हामीहरू आफ्नै घरमा बसिरहेका थियौं । वारदात मिति र समयको बिहानपख बुद्धभुमी नगरपालिका वडा नं १ बसन्तपुर स्थित कमलेश चौधरीको मृत्यु भएको खबर सुनी थाहा पाउनासाथ तत्काल उक्त स्थानमा गई हेर्दा निज कमलेश रगताम्ये अवस्थामा खरको झुपडीमा मृत अवस्थामा पल्टिएका थिए । सोही बेला घटनास्थलमा सेतो गजपट्टी र काठको दाउराको बोक्राहरू खसेको थियो । उक्त सेतो गजपट्टीको कसले खसाएको हो भनी बुझ्दा बुद्धभुमी नगरपालिका वडा नं १ बसन्तपुर बस्ने पवन चौधरीको हातको औंलामा केही दिन अगाडि निजले सेतो गजपट्टी बाँधेका थिए । त्यसपश्चात् निज राकेश चौधरीको खोज तलास गर्दा निज फेला नपरेपछि राकेश चौधरीसमेतका व्यक्तिहरूको मिलोमतोमा निज मृतक कमलेश चौधरीलाई पवन चौधरी समेतको मिलोमतोमा कमलेश चौधरीलाई मार्ने योजना बनाई धारिलो हतियार तथा काठको दाउरासमेत लिई मृतक कमलेश आफ्नै तरकारी बारी नजिक रहेको झुपडीमा सुतेको अवस्थामा टाउकोको विभिन्न भागमा हानी कर्तव्य गरी मारी उक्त वारदातमा प्रयोग भएको काठको दाउरा तथा लाठी घटनास्थलदेखि अं. २०० बुद्धभुमी नगरपालिका वडा नं १ बसन्तपुर १०० मिटर पर रहेको ह्युमपाईपमा लुकाई राखेको अवस्थामा प्रहरीले बरामद गरेको हो । निजहरूलाई हदैसम्मको सजाय हुनु पर्छ भन्ने बेहोराको  रामप्रसाद चौधरी , रामनरेश चौधरी, राम मिलन  चौधरी समेतले गरी दिएको करिब एकै मिलानको छुट्टाछुट्टै घटना विवरण कागज ।

६. कमलेश चौधरीले प्रतिवादी राकेश चौधरीसँग १०।१२ दिन अगाडि झगडा भएकोमा कुटपिट गर्न भनी भाला ल्याई चोकमा आएको । आफू जिमिन्दार भएको भन्दै गाउँले तथा आफूहरूलाई धाक धम्की दिई अश्लील गाली गलौज गर्ने गरेको । प्रतिवादी पवन चौधरीको छोरा कृष्ण चौधरीले निज कमलेश चौधरीको छोरी  रूपा चौधरीसँग प्रेम सम्बन्ध राखेको भनी गत वर्ष मरणासन्न हुने गरी कुटपिट गरेकोसमेतका विषयमा इवी लिई निज कमलेश चौधरीलाई मार्ने योजना बनाई मृतक कमलेश चौधरीको घर नजिकै बसी मार्ने योजना बनाई निज मृतक कमलेश चौधरीको घर आँगनमा रहेको रोहीणीको दाउरा लिई निज कमलेश चौधरी सुत्ने गरेको कपिलबस्तु जिल्ला बुद्धभुमी नगरपालिका वडा नं १ बसन्तपुर स्थित तरकारी बारीमा रहेको झुप्रोमा गई निज कमलेश चौधरीको टाउकोको भागमा धारिलो हतियार तथा काठ दाउराले प्रहार गरी कर्तव्य गरेर मारेको पुष्टि भई प्रतिवादी पवन चौधरी र राकेश चौधरी ले मुलुकी अपराध संहिता २०७४, ज्यानसम्बन्धी कसुरको  दफा १७७ ( १)  बमोजिमको कसुर अपराध गरेकोमा  निज प्रतिवादीहरूलाई सोही ज्यानसम्बन्धी कसुरको दफा १७७ का उपदफा २ बमोजिम सजाय गरी सोही परिच्छेदको दफा १८६ बमोजिम क्षतिपुतिसमेत भराइपाउने मागदाबी लिएको अभियोग पत्र ।

७. मिति २०७७।०१।२० मा म आफ्नो बहिनी अनिता चौधरीको घर वरकलपुर गएको र त्यहाँबाट २०७७।०१।२२ को बिहान वरकलपुरबाट आफ्नो घरमा १०.०० बजेतिर आएको हुँदा मिति २०७७।०१।२१ गते दिन रात वरकलपुरमा थिएँ । मिति २०७७।०१।२१ मा मेरो राकेश चौधरीसँग भेट भएन । कमलेश चौधरीलाई को-कसले किन मारेका हुन् थाहा भएन । निजलाई कर्तव्य गरी मार्ने मराउनेमा मेरो संलग्नता छैन । घटनास्थल मुचुल्का पढी सुनाउँदा सुनी पाएँ । उक्त घटनास्थल मुचुल्का बारेमा थाहा भएन । जाहेरी दरखास्त पढी सुनाउँदा सुनी पाएँ । जाहेरीमा उल्लेख गरिएबमोजिम मैले मृतकलाई कर्तव्य गरी मारे मराएको होइन । मेरो दाहिने हातको कान्छी औंलासँग रहेको औंठामा बेन्डेज पट्टी लागेको थियो । सोही पट्टी बेन्डेज लागेको कारणबाट मेरो माथि किटानी जाहेरी दिएका हो भन्ने बेहोरा प्रतिवादी पवन चौधरीले सुरू अदालतमा गरेको बयान ।

८. मिति २०७७।०१।२१ मा म आफ्नो भिनाजुको घर वरकलपुर गाउँमा थिए । पवन चौधरीसँग भेट भएको होइन । मृतक कमलेशलाई को-कसले मारेको मलाई थाहा भएन । निजलाई कर्तव्य गरी मार्नेमा मेरो संलग्नता छैन । बरामद भएको काठ दाउरा कसको थाहा भएन । अनुसन्धान अधिकारीसमक्ष गरेको बयान पढी बाची सुनाउँदा सुनी पाएँ । प्रहरीले मलाई कुटपिट गरी मसँग केही कुरा नसोधी सहिछाप गराएका हुन् । बयान बेहोरा मेरो होइन भन्ने बेहोराको प्रतिवादी राकेश चौधरीले सुरू अदालतमा गरेको बयान ।

९. मिति २०७७।०१।२१ गते घटना भएको दिन निज प्रतिवादी राकेश चौधरी मेरो घरमा आई मेरै घरमा रातभरी बसी ऐ.२२ गते साँझ निज आफ्नै घर गएको हुँदा निज प्रतिवादीको सो घटनासँग कुनै सम्बन्ध छैन । निज प्रतिवादी निर्दोष छन् । अभियोग दाबी झुट्ठा हो । निज प्रतिवादीले अपराध नगरेकोले सजाय हुनु पर्ने होइन । निज प्रतिवादीको बानी बेहोरा राम्रो छ भन्ने बेहोराको प्रतिवादी राकेश चौधरीको साक्षी रामसुधन चौधरीले  अदालतमा गरेको बकपत्र ।

१०. मिति २०७७।०१।२० देखि ऐ.२२ गते साँझसम्म प्रतिवादी पारस चौधरी मेरै घरमा बस्नु भएको थियो । तसर्थ निजसँग म साथै थिएँ । निजको कुनै घटनासँग सम्बन्ध छैन । निज निर्दोष हुन् । अभियोग दाबी

झुट्ठा हो । उक्त गजपट्टी प्रतिवादी पवन चौधरीको होइन । कसको हो मलाई थाहा भएन निज प्रतिवादी निर्दोष भएकोले सजाय हुनु पर्ने होइन । निजको बानी बेहोरा राम्रो छ भन्ने बेहोराको प्रतिवादी पारस चौधरीको साक्षी प्रताप सिंह थारूले सुरू अदालतमा गरेको बकपत्र ।

उक्त जाहेरी बेहोरा मेरो हो । जाहेरी बेहोरा ठिक साँचो हो र सहिछाप पनि मेरो हो । पवन चौधरी र राकेश चौधरी मिली सँगै गाउँमा चोरी गर्ने, धान चोर्ने, कुखुरा हाँसहरू चोर्ने र यो प्रतिवादीमध्ये पारस थारू आजभन्दा ८ महिना पहिले सामुदायिक वनमा काठ चोर्न गएको बेलामा सामुदायिक वनका सदस्यहरूले निजलाई समाती कुटपिट गरेपछि रू.४०,०००।- तिरेर सो चोरी अभियोगबाट मुद्दा नचलाई गाउँमा फर्केर आएपछि मृतक कमलेश चौधरी ले तिमीहरू किन यस्तो गर्छौ । यस्तो नगर्नु भनी सम्झाउँदा निजलाई नराम्रो लागी रक्सी सेवन गरी ३ जनाले योजना बनाई बारीमा सुतेको अवस्थामा लाठी र खुकुरी प्रहार गरी हत्या गरेका हुन् । लास नजिकै पारसले सामुदायिक वनमा चोरी गर्दा लागेको चोटले औंलामा बाँधेको पट्टी उसले नै स्वीकार गरेको हुनाले यिनीहरूले नै हत्या गरेका हुन् भन्ने बेहोराको जाहेरवाला राधेश्याम चौधरी ले सुरू अदालतमा गरेको बकपत्र ।

११. मिति २०७७।०२।०३ मा भएको कागजको बेहोरा मेरो हो । सहिछाप पनि मेरै हो । वारदातको भोलिपल्ट बिहान म आफ्नै घरमा थिएँ । बिहान गाउँमा कमलेश चौधरीको हत्या भयो भनी गाउँमा हल्ला भएको थाहा पाएँ । म पनि उक्त घटनास्थलमा पुगें । प्रहरीहरू पनि त्यहाँ पुगिसकेका थिए । गाउँका पनि थुप्रै मानिसहरू त्यहाँ उपस्थित भएका थिए । त्यहाँ पुग्दा तरकारी बारीमा खरको सानो झुप्रो थियो । त्यहाँ नजिकै काठको बोक्राको टुक्रामा रगत लागेको थियो । त्यही गोलो आकारको गजपट्टी त्यहीँ बाँधेको गजपट्टी हो र प्रशासनले उसलाई झिकाएर सोध्दा राकेश चौधरीको संलग्नतामा मारिएको भन्ने कुरा थाहा पाएका हौं । भन्ने बेहोराको घटना विवरणको मानिस राम गोपाल चौधरीले सुरू अदालतमा गरेको बकपत्र ।

१२. यसमा प्रतिवादीहरूको मौकाको बयान, वारदात स्थलबाट बरामद भएको गजपट्टी, प्रतिवादीले खुलाएकै ठाउँबाट बरामद भएको दाउरा, जाहेरवालाको बकपत्रसमेतका मिसिल संलग्न आधार प्रमाणबाट प्रतिवादीहरूले मुलुकी अपराध संहिताको दफा १७७ (१) को कसुर गरेको ठहर्छ । प्रतिवादीहरूउपर ज्यानसम्बन्धी कसुरको दफा १७७(२) नं.बमोजिमको सजायको मागदाबी लिइएकोमा वारदातको प्रकृति समेतका मिसिल संलग्न आधार प्रमाणबाट निज प्रतिवादी पवन चौधरी, राकेश चौधर लाई ऐ.को १७७(२) बमोजिम जन्मकैद हुने ठहर्छ भन्ने सुरू कपिलबस्तु जिल्ला अदालतको मिति २०७७ ।१२।१९ को फैसला ।

१३. यसमा सुरू बाँके जिल्ला अदालतको फैसला कानूनी त्रुटिपूर्ण रहेको छ । म पुनरावेदकउपरको वादी दाबी शंकारहित र स्वतन्त्र तबरबाट विपक्षी वादीले प्रमाणित गर्न सकेको छैन । प्रस्तुत मुद्दामा प्रत्यक्षदर्शीको अभाव देखिएको छ । मिति २०७७।०१।२१ गते राति भएको भनिएको घटनाको विषयमा मिति २०७७।०१।२४ मा जाहेरी दर्ता भएको देखिन्छ । सो जाहेरीमा हामी पुनरावेदकको नाम उल्लेख गरी किटानी जाहेरी दिएको देखिन्छ । घटना हुँदा जाहेरवाला अन्यत्र गाउँमा रहेको र टेलिफोनमार्फत जानकारी पाएको र गाउँमा बुझ्दा अन्यायीहरूको संलग्नतामा निजले बाबुको हत्या गरेको यकिन भएको

भन्ने उल्लेखित छ । हामीहरूलाई किटानी जाहेरी दिनुको अर्थ जसरी भएपनि हामीहरूलाई सजाय गराउन सकियोस् भन्ने जाहेरवालाको मनसाय देखिन्छ । घटना कति बजेको कुन समयमा घटेको हो भन्ने कुरा कोही कसैले देखेको अवस्था छैन । घटना विवरण कागज गर्ने मानिसहरूले पनि प्रतिवादीहरूको उक्त घटनामा संलग्नता छ भन्ने कुरा लेखाउन सकेको पाइँदैन । यसरी जाहेरी बेहोरा र घटना विवरणका व्यक्तिहरूको कथन अदालतसमक्ष आई बकपत्रका माध्यमद्वारा पुष्टि नभएको अवस्थामा हामीहरूले मृतकको ज्यान मारेको हो भन्ने कुरा पत्यारलायक छैन । अनुसन्धान अधिकारीसमक्ष भएको हाम्रो बयान हाम्रो इच्छा विरूद्ध भएको हो । मृतक कमलेश चौधरीलाई मार्नु मराउनु पर्नेसम्मको हाम्रो कुनै पूर्वरिसइवी, मनसाय, तयारी रहेको थिएन । सो कुरा मिसिलबाट पनि खुल्न नआएको हुँदा जिल्ला अदालतको फैसला त्रुटीपुर्ण रहेकोले सफाइपाउँ भन्ने दुवै प्रतिवादीको उच्च अदातल तुल्सीपुर बुटवल इजलासमा परेको पुनरावेदनपत्र ।